**अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८१/०८/२८ गते (नेपाल सम्बत् ११४५,थिल्लाथ्व १३ शुक्रबार) सर्वोच्च अदालतमा पुनरावेदन गरिएको बिबरण।**

| सि.न | प्रतिवादीहरु | मुद्दा | आयोगको मागदावी | विशेष अदालतको फैसला र आधार | आयोगबाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | **हरिचन्द्र भुसाल समेत** (मु.नं.०७६-CR-०२२२) वि.अ. को फैसला मिति फैसला मितिः- २०८१।०२।१३ | मुआब्जा रकम भुक्तानी गर्दा घुस/रिसवत लिई/दिई भ्रष्टाचार गरेको। | प्रस्तुत मुद्दामा प्रतिवादी हरिचन्द्र भुसालले गुठी संस्थान शाखा कार्यालय जनकपुरका तत्कालिन वरिष्ठ लेखा सहायक हरिचन्द्र भुसालले मोही भनिएका व्यक्ति सूर्यनारायण लाल कर्णबाट लिएको रकम रु. ४,३०,०००।– (अक्षेरुपी चार लाख तीस हजार) निज मोहीलाई मुआव्जा रकम भुक्तानी गरे बापत कार्यालय प्रमुख समेतले लिनेखाने गरी घुस/रिसवत लिएको तथ्य स–प्रमाण पुष्टि हुन आएकोले निज प्रतिवादी हरिचन्द्र भुसालले गरेको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को कसुर भएकोले निज प्रतिवादी हरिचन्द्र भुसाललाई विगो रु. ४,३०,०००।- (अक्षेरुपी चार लाख तीस हजार) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र सोही ऐनको दफा ३ को उपदफा (१) को खण्ड (घ) बमोजिम सजाय हुन र उक्त बिगो रु. ४,३०,०००।- (अक्षेरुपी चार लाख तीस हजार) सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम असुल गरी जफत हुन मागदावी लिईएको ,<br>प्रतिवादी शत्रुधन जयसवालले प्रतिवादी मोही भनिएकी गायत्री देवी जयसवालका छोरा शत्रुधन जयसवालले मोही भनिएकी गायत्री देवी जयसवालले गुठी संस्थान शाखा कार्यालय जनकपुरबाट | १. **फैसला**<br>सेवाग्राही रहेका प्रतिवादी शत्रुधन जयसवाल र गायत्री जयसवालले मोहियानी हक भागको मुआब्जा वापत प्राप्त रकम मध्येबाट प्रतिवादी सुमनकान्त ठाकुरले गायत्रीदेवी जयसवालबाट रु.५६,०१,६६७।- (छपन्न लाख एक हजार छ सय सतसट्टी रुपैयाँ) र शत्रुधन जयसवालबाट रु.७,३५,०००।- (सात लाख पैतिस हजार रुपैयाँ) समेत जम्मा रु.६३,३६,६६७।-(त्रिसट्टी लाख छत्तिस हजार छ सय सत्सठ्ठी रुपैयाँ) लिई मोहियानी हकको जग्गाको मुआब्जा लिनदिन सहयोग गरे वापत प्रतिवादी राजवाबु पाण्डेले चेक मार्फत रु.१९,३०,०००।-(उन्नाइस लाख तीस हजार रुपैयाँ) रिसवत लिएको, प्रतिवादी मनोजकुमार आचार्यले चेक मार्फत रु.६,५०,०००।- (छ लाख पचास हजार रुपैयाँ) रिसवत लिएको देखिदा प्रतिवादी राजबाबु पाण्डे र मनोजकुमार आचार्यले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसूर गरेको देखिँदा प्रतिवादी मध्ये मनोजकुमार आचार्यको हकमा विगो रु.६,५०,०००।- (छ लाख पचास हजार रुपैयाँ) कायम भई सोही दफा ३ को उपदफा (१) फो खण्ड (ड) बमोजिम १ (एक) वर्ष ६ (छ) महिना कैद र विगो बमोजिम रु.६,५०,०००।- (छ लाख पचास हजार रुपैयाँ) जरिवाना हुने र निजले रिसवत बापत लिएको रकम ऐ. ऐनको दफा ३ को उपदफा (१) बमोजिम निजबाट असुल हुने समेत ठहर गरी आरोपदावी बमोजिम कसूर ठहर गरी सजाय भएको छ।<br>प्रतिवादी राजबाबु पाण्डेलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम विगो अनुसार रु.१९,३०,०००।-(उन्नाइस लाख तीस हजार रुपैयाँ) जरिवाना र ऐ. दफाको ऐ., उपदफाको खण्ड (च) वमोजिम २ (दुई) वर्ष ६ (छ) महिना कैद भई ऐ. ऐनको दफा ३ को उपदफा (१) बमोजिम विगो बराबरको रकम निज प्रतिवादीबाट असुल हुने ठहर गरी आरोपदावी बमोजिम कसूर कायम गरी सजाय भएको छ।<br>प्रतिवादी सुमनकान्त ठाकुरलाई ऐ. ऐनको दफा ३ को उपदफा (१) र (२) बमोजिम विगो बरावर | क) प्रतिवादी गुठी संस्थान शाखा कार्यालय जनकपुरका तत्कालिन वरिष्ठ लेखा सहायक हरिचन्द्र भुसालले अनुसन्धान तथा अदालतमा वयान गर्दा सूर्यनारायण लाल कर्णबाट रु.४,३०,०००।- चेकमार्फत लिई सो रकम बैंकवाट निकाली ल्याई आफ्ना हाकिम प्रतिवादी राजवाबु पाण्डेलाई दिएको र आफूले हाकिमले दिएको रु.१५०००।- (पन्ध्र हजार रुपैयाँ) लिएको भनि वयान गरेको देखिन्छ भन्ने गुठि संस्थान शाखा कार्यालय जनकपुरका तत्कालिन कार्यालय प्रमुख राजबाबु पाण्डेले मौकाको वयानमा सुर्यनारायण लाल कर्णले हरिचन्द्र भुसाललाई दिएको रु.४,३०,०००।-रपैयाँ सम्बन्धमा निज सुर्यनारायणले वरिष्ठ लेखा सहायक हरिचन्द्र भुसाललाई उक्त रकम बराबरको चेक के कुन प्रयोजनकोलागि दिएको हो मलाई थाहा जानकारी छैन,साथै लेखापालले के प्रसङ्गमा उक्त रकम मलाई दिएको भन्नु भएको मलाई थाहा छैन भनी वयान वेहोरा लेखाई दिए समेतबाट निज प्रतिवादी हरिचन्द्र भुसालको वयान खण्डित हुनुको साथै एक आपसमा विरोधाभाषपूर्ण रहि विश्वासनीय देखिन्दैन।मिसिल संलग्न तथ्य प्रमाणहरुबाट सुर्यनारायण लाल कर्णले हरिचन्द्र भुसालको नाममा रु.४,३०,०००।-को चेक रकमको चेक दिएको र उक्त चेकको रकम निज प्रतिवादी हरिचन्द्र भुसालले स्वयंले चेकमा उल्लिखित रकम सही गरी लिएको अबस्था छ।अर्का प्रतिवादी राजबाबु पाण्डेले उक्त रकमको सम्बन्धमा अनभिज्ञता रहेको समेतबाट यी प्रतिवादी हरिचन्द्र भुसालको भूमिका मुख्य कसूरदारकै रुपमा पुष्टि भई रहेको देखिदा देखिदै प्रतिवादी राजवाबु पाण्डेलाई घुस/रिसवत लिनकोलागि सहयोग गरेको रुपमा मात्र अर्थ गरी निज प्रतिवादीले गरेको कार्य प्रकृति समेतलाई विवेचना नगरी तथा अन्य स्वतन्त्र प्रमाणहरुबाट मतियारको कसूर गरेको पुष्टि हुन सक्ने प्रमाणको अभावमा मतियारको कसूर ठहर गरि भएको फैसला त्रुटिपूर्ण भै बदर भागी छ।<br>ख) गुठी संस्थान अन्तर्गत रहेको जनकपुर गुठी शाखाबाट धनुषसागर रामायणी घाट गुठी र रामचन्द्र गुठीका नाममा रहेका जग्गाहरु गुठी संस्थानको स्वामित्वमा रहेकोमा उक्त जग्गाहरुको मुआव्जा वितरणको कार्यान्वनको सम्वन्धमा गुठी संस्थान शाखा कार्यालय जनकपुरबाट गायत्री देवी जयसवाललाई मिति २०६९/०२/१६ मा रु. ७७,०१,६६७।- र मिति २०६९/०३/२७ मा रु. १२,८१,६६७।- गरी जम्मा रु. ८९,८३,३३४।- मोही वापत ३ खण्डको एक खण्ड मुआब्जा वापत भुक्तानी भएकोमा नेपाली सेनाको लागि अधिग्रहण गरिएका गुठीको नाममा रही सोको मोही भनिएका गायत्री देवी जयसवाललाई गुठी संस्थान शाखा कार्यालय जनकपुरबाट मुआब्जा वापत रु. ७७,०१,६६७।- भुक्तानी गरी उक्त रकम मध्येबाट सुमनकान्त ठाकुरलाई आफ्नो बैंक खाताको रकमा मध्ये गायत्री देवी जयसवालले नविल |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | मुआव्जा बापत मिति २०६९।०३।२७ गते लिएको रकम रु. १२,८१,६६७।-(अक्षेरुपी बाह्र लाख एकासी हजार छ सय सतसट्ठी ) मध्येबाट सोही मितिमा रु. १२,५०,०००।– (बाह्र लाख पचास हजार) आफूले लिई सोही मितिमा सोही रकम मध्येबाट सुमनकान्त ठाकुरलाई रु. ७,३५,०००।- (अक्षेरुपी सात लाख पैंतीस हजार) रकम मुआव्जा रकम भुक्तानी गराउन बिचौलियाको भूमिका निर्वाह गरी दिएबापत गुठी संस्थान शाखा कार्यालय जनकपुरका कर्मचारीहरु समेतलाई दिने गरी घुस/रिसवत दिएको तथ्य स–प्रमाण पुष्टि हुन आएकोले निज प्रतिवादी शत्रुधन जयसवालले गरेको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (३) को कसुर भएकोले निज प्रतिवादी शत्रुधन जयसवाललाई विगो रु. ७,३५,०००।- (अक्षेरुपी सात लाख पैतीस हजार) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (३) ले निर्देश गरे बमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को खण्ड (ङ) बमोजिम सजाय गरी उक्त बिगो रु. ७,३५,०००।-(अक्षेरुपी सात लाख पैतीस हजार) सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम असुल गरी जफत हुन मागदावी लिईएको,<br>प्रतिवादी गायत्री देवी जयसवालले गुठी संस्थान शाखा कार्यालय जनकपुरबाट मुआव्जा बापत मिति २०६९।०२।१६ गते लिएको रकम रु.७७,०१,६६७।- | रु.६३.३६.६६७।-(त्रिसट्टी लाख छत्तिस हजार छ सय सतसट्ठी रुपैयाँ) जरिवाना भई ऐ. ऐनको ऐ. दफाको उपदफा (१) को खण्ड (ज) बमोजिम ६ (छ) वर्ष कैद हुने र बिगोको हकमा जम्मा रु.६३.३६,६६७।-(त्रिसट्ठी लाख छत्तिस हजार छ सय सतसट्ठी रुपैयाँ) मध्ये प्रतिवादी मनोज आचार्यबाट रु.६,५०,०००।- (छ लाख पचास हजार रुपैयाँ) र प्रतिवादी राजबाबु पाण्डेबाट रु.१९,३०,०००।-(उन्नाइस लाख तीस हजार रुपैयाँ) असुल उपर हुने ठहर भएकाले सो कटाई बाँकी रु.३७,५६,६६७। (सैतिस लाख छपन्न हजार छ सय सत्सठ्ठी रुपैयाँ) ऐ. ऐनको दफा ३ को उपदफा (१) बमोजिम निज प्रतिवादी सुमनकान्त ठाकुरबाट असुल उपर हुने समेत ठहर्छ भनि विगोको असूल उपर सम्बन्धमा दामाशाहिले असूल उपर हुने गरी फैसला भएको छ।<br>अर्का प्रतिवादी हरिचन्द्र भुसालले सूर्यनारायण लाल कर्णबाट रु.४,३०,०००।- (चार लाख तीस हजार रुपैयाँ) चेक मार्फत लिई सो रकम बैंकबाट निकाली प्रतिवादी राजवाबु पाण्डेलाई दिई ऐ. ऐनको दफा ३ को उपदफा (१) बमोजिम घुस रिसवतको कसूरको मतियारको कसुर गरेको देखिंदा बिगो रु.४,३०,०००।- (चार लाख तीस हजार रुपैयाँ) कायम भई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ बमोजिम मुख्य कसूरदारलाई हुने सजायको आधा रु.२.१५,०००।- (दुई लाख पन्ध्र हजार रुपैयाँ) जरिवाना र ३ (तीन) महिना कैद हुने ठहर गरी आरोपदावी भन्दा फरक कसूर कायम गरी मतियारको कसूर ठहर गरी सजाय भएको छ।<br>अन्य प्रतिवादीहरु गायत्रीदेवी जयसवाल र सत्रुधन जयसवालको हकमा मिसिल संलग्न प्रमाण कागजबाट आरोपदावी प्रमाणित हुन नआएकोले निज प्रतिवादीहरुले आरोपदावीबाट सफाइ पाउने ठहर्छ भनि फैसला भएको अवस्था छ।<br>प्रतिवादीहरु राजबाबु पाण्डे, मनोज कुमार शर्मा भनिने मनोज कुमार आचार्य र सुमनकान्त ठाकुरलाई लाई आरोपदावी बमोजिम कसूर कायम गरी सजाय भएको तथा प्रतिवादी सुमनकान्त ठाकुरलाई आरोपदावी बमोजिम विगो रु. ६३,३६,६६७।- (त्रिसठ्ठी लाख छत्तीस हजार छ सय सतसठ्ठी) कायम गरी विगो बरावर रु.६३.३६.६६७।-(त्रिसट्ठी लाख छत्तिस हजार छ सय सतसट्ठी रुपैयाँ) जरिवाना भई ऐ. ऐनको ऐ. दफाको उपदफा (१) को खण्ड (ज) बमोजिम ६ (छ) वर्ष कैद हुने र बिगोको हकमा जम्मा | बैंकको चेक नं.४५२६२४२ चेक बाट रु.५६,०१,६६७।-भुक्तानी दिएको साथै प्रतिवादी शत्रुधन जयसवालले आफ्नो नविल बैंकको चेक नं.४५२६३२१को चेकबाट मिति २०६९।०३।२७ मा प्रतिवादी सुमनकान्त ठाकुरलाई रु.७,३५,०००।-भुक्तानी दिएको तथ्ययुक्त सबूद प्रमाणहरुबाट पुष्टि भएको छ।<br>ग) प्रतिवादी मोही भनिएकी गायत्री देवी जयसवालका छोरा शत्रुधन जयसवालले मोही भनिएकी निजकी आमा गायत्री देवी जयसवालले गुठी संस्थान शाखा कार्यालय जनकपुरबाट मुआव्जा बापत मिति २०६९।०३।२७ गते लिएको रकम रु. १२,८१,६६७।- (अक्षेरुपी बाह्र लाख एकासी हजार छ सय सतसट्ठी ) मध्येबाट सोही मितिमा रु. १२,५०,०००।– (बाह्र लाख पचास हजार) आफूले लिई सोही मितिमा सोही रकम मध्येबाट सुमनकान्त ठाकुरलाई रु. ७,३५,०००।- (अक्षेरुपी सात लाख पैतीस हजार) रकम मुआव्जा रकम भुक्तानी गराउन बिचौलियाको भूमिका निर्वाह गरी दिएबापत गुठी संस्थान शाखा कार्यालय जनकपुरका कर्मचारीहरु समेतलाई दिने गरी घुस/रिसवत दिएको बस्तुनिष्ठ तथ्य प्रमाण पुष्टि हुन आएको छ।अर्का प्रतिवादी सुमनकान्त ठाकुरको वयान बेहोरामा प्रतिवादी शत्रुधन जयसवालको नविल बैंकको मिति २०६९।०३।२७ मा मेरो नाममा खिचिएको रकमा रु.७,३५,०००।-मैले लिएको हो,सो चेकमा भएको दस्तखत मेरै हो।तर उक्त चेक र रकम बारे कुनै स्मरण छैन भनि वयान गरेको देखिन्छ भने प्रतिवादी शत्रुधन जयसवालले अदालतमा वयान गर्ने क्रममा निज सुमनकान्त ठाकुरबाट ऋण स्वरुप लिएको रकम मैले निजलाई तिरेको हो भनि रकम दिएको स्वीर गरेको देखिन्छ तर निज प्रतिवादीहरु वीच सो रकम लिनु दिनु गर्नु भन्दा अगाडि तथा सो रकम बाहेक अन्य कारोबारहरु समेत भए गरेको भन्ने सवतन्त्र प्रमाणहरुबाट पुष्टि हुन नसकेको अवस्थामा मुआव्जा वितरणको कार्यान्वनको सम्वन्धमा रकम लिनुदिनु गरेको प्रष्ट भएकोले निज प्रतिवादी शत्रुधन जयसवालले गरेको उक्त कार्य भ्रष्टाचारजन्य कार्य गरेको पुष्टि भएकोमा मिसिल संलग्न वास्तविक तथ्य प्रमाणहरुको मूल्याङ्कन नगरी भएको फैसला त्रुटिपूर्ण भै बदर भागी छ।<br>घ) प्रतिवादी गायत्री देवी जैसवालले अदालतमा वयान गर्दा मोही वापत आएको जग्गाको मुआव्जा लिएको हो।सुमनकान्त ठाकुरले गूठीको कुत बूझाउन धेरै पैसा बाँकी छ भनेर निज सुमनकान्त ठाकुरले भनेको भएर मैले खाली चेकमा सही गरेर दिएँ। के कति रकम झिके थाहा भएन।निजले कुत बुझाएको रसिद देउ भन्दा दिएन भनि वयान वेहोरामा उल्लेख गरेको देखिदा निज प्रतिवादी गायत्री देवी जयसवालले घुसकोलागि रकम दिएको कूरा पुष्टि भएको छ।मोही भनिएकी प्रतिवादी गायत्री देवी जयसवालले गुठी संस्थान शाखा कार्यालय जनकपुरबाट मुआव्जा बापत मिति २०६९।०२।१६ गते लिएको रकम रु.७७,०१,६६७।- (अक्षेरुपी सतहत्तर लाख एक हजार छ सय सतसठ्ठी) मध्येबाट सोही मितिमा सुमनकान्त ठाकुरलाई रु. ५६,०१,६६७।-(अक्षेरुपी छपन्न लाख एक हजार छ सय सतसठ्ठी) रकम तत्काल भुक्तानी लिनु |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | (अक्षेरुपी सतहत्तर लाख एक हजार छ सय सतसठ्ठी) मध्येबाट सोही मितिमा सुमनकान्त ठाकुरलाई रु. ५६,०१,६६७।- (अक्षेरुपी छपन्न लाख एक हजार छ सय सतसठ्ठी) रकम निजलाई मुआव्जा रकम भुक्तानी गराउन बिचौलियाको भूमिका निर्वाह गरी दिएबापत गुठी संस्थान शाखा कार्यालय जनकपुरका कर्मचारीहरु समेतलाई दिनेगरी घुस/रिसवत दिएको तथ्य स–प्रमाण पुष्टि हुन आएकोले निज प्रतिवादी गायत्री देवी जयसवालले गरेको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (३) को कसुर भएकोले निज प्रतिवादी गायत्री देवी जयसवाललाई विगो रु. ५६,०१,६६७।- (अक्षेरुपी छपन्न लाख एक हजार छ सय सतसठ्ठी ) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (३) ले निर्देश गरे बमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को खण्ड (ज) बमोजिम सजाय गरी उक्त विगो रु. ५६,०१,६६७।- (अक्षेरुपी छपन्न लाख एक हजार छ सय सतसठ्ठी) सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम असुल गरी जफत हुन मागदावी लिईएको। | रु.६३.३६,६६७।-(त्रिसट्ठी लाख छत्तिस हजार छ सय सतसठ्ठी रुपैयाँ) मध्ये प्रतिवादी मनोज आचार्यबाट रु.६,५०,०००।- (छ लाख पचास हजार रुपैयाँ) र प्रतिवादी राजबाबु पाण्डेबाट रु.१९,३०,०००।-(उन्नाइस लाख तीस हजार रुपैयाँ) असुल उपर हुने ठहर भएकाले सो कटाई बाँकी रु.३७,५६,६६७। (सैतिस लाख छपन्न हजार छ सय सत्सठ्ठी रुपैयाँ) ऐ. ऐनको दफा ३ को उपदफा (१) बमोजिम निज प्रतिवादी सुमनकान्त ठाकुरबाट असुल उपर हुने ठहर्छ भनि विगो असूल उपरको हकमा दामाशाहिले असूल उपर हुने गरी फैसला भएको देखिदा निज प्रतिवादीहरु राजबाबु पाण्डे, मनोज कुमार शर्मा भनिने मनोज कुमार आचार्य र सुमनकान्त ठाकुरको हकमा पुनरावेदन जिकिर लिईएको छैन।<br>**२. विशेष अदालतले फैसला गर्दा लिएका मूल बुदा एवं आधारहरु :**<br>क) क) प्रतिवादी हरिचन्द्र भुसालले सूर्यनारायण लाल कर्णबाट रु.४,३०,०००।- चेकमार्फत लिई सो रकम बैंकवाट निकाली ल्याई आफ्ना हाकिम प्रतिवादी राजवाबु पाण्डेलाई दिएको र आफूले हाकिमले दिएको रु.१५०००।- (पन्ध्र हजार रुपैयाँ) लिएको भन्ने निजले अदालत समक्ष गरेको बयान बेहोराबाट समेत देखिन आएकोले निजले गरेको कामको प्रकृति हेर्दा आफ्नो नाममा चेक काट्न लगाई घुस रिसवतको रकम बैंकबाट निकाली प्रतिवादी राजबाबु पाण्डेलाई दिने कार्य गरेको देखिँदा मतियारको कसूर गरेको देखिन आएको,<br>ख) प्रतिवादीहरु गायत्रीदेवी जयसवाल र शत्रुधन जयसवालले अन्य प्रतिवादीहरुलाई घुस रिसवत दिएको भन्ने आरोपदावी ठोस र बस्तुनिष्ठ प्रमाणहरुबाट बादी नेपाल सरकारले पुष्टि गर्न सकेको नदेखिदा आरोपदावी बमोजिमको कसूर कायम गरी सजाय गर्नु उपयुक्त र न्याय संगत नदेखिएको , | दिनुले निजलाई मुआव्जा रकम भुक्तानी गराउन बिचौलियाको भूमिका निर्वाह गरी दिएबापत गुठी संस्थान शाखा कार्यालय जनकपुरका कर्मचारीहरु समेतलाई दिनेगरी घुस/रिसवत दिएको मिसिल संलग्न तथ्य प्रमाण एवं अबस्था परिस्थितिबाट समेत पुष्टि हुन आएको छ। यसै गरी अर्का प्रतिवादी शत्रुधन जयसवालले अदालतमा वयान गर्ने क्रममा निज सुमनकान्त ठाकुरबाट ऋण स्वरुप लिएको रकम मैले निजलाई तिरेको हो भनि रकम दिएको स्वीकार गरेको देखिन्छ तर प्रतिवादीहरु बीच ऋण लिनु दिनु गरेको स्वतन्त्र प्रमाणहरुबाट निज प्रतिवादीहरुले प्रमाणित गराउन सकेको देखिन्दैन। प्रतिवादीहरुले गैरकानूनी रुपमा रकम लिनु दिनु गरेको कुरा अदालतले समेत स्वीकार गरी प्रतिवादी सुमनकान्त ठाकुर सममेतलाई कसूरदार ठहर गरी फैसला भएको अबस्था छ। यसरी आफ्नो निजी लाभकोलागी घुस दिने प्रतिवादीहरु शत्रुधन जयसवाल र गायत्री देवी जैसवाललाई सफाई दिने गरी भएको फैसलाको सन्दर्भमा परम्परागत मान्यता,नेपालको विधि शास्त्रिय मान्यता अनुसार घुस लिनेदिने कार्यलाई अपराध र सो कार्यमा संलग्न व्यक्तिलाई अपराधीको रुपमा नेपालको कानूनी प्रणालीले स्वीकार गरेको छ भने प्रचलित भ्रष्टाचार निवारण ऐन ,२०५९ को दफा ३ को उपदफा (३) मा भएको कानूनी व्यबस्थाले पनि सो कार्यलाई अपराधिकरण गरेको छ। मिसिल संलग्न बस्तुनिष्ठ तथ्य प्रमाणहरुवाट यी प्रतिवादीहरुले मिलेमतो गरी घुस/रिसवत लिनु दिनु गरी भ्रष्टाचारजन्य कसूर गरेको निर्विवाद रुपमा पुष्टि भईरहेकोम घुस/रिसवत दिने निज प्रतिवादी गायत्रीदेवी जयसवाल र निजको छोरा शत्रुधन जयसवाललाई कसूरदार ठहर नगरी सफाई दिने गरी विशेष अदालत,काठमाडौबाट भएको फैसला त्रुटिपूर्ण भै बदरभागी छ।<br>अतः माथि उल्लिखित आधार कारणहरुबाट प्रतिवादीहरु हरिचन्द्र भुसाललाई मतियारको रुपमा कसूरदार ठहर गरेको सो हद सम्म तथा प्रतिवादीहरु गायत्री देवी जयसवाल र शत्रुधन जयसवाल लाई आरोप मागदाबीबाट सफाई दिने ठहर गरी भएको उक्त फैसला त्रुटिपूर्ण देखिएकोले सो हद सम्मको फैसला बदर गरी निज प्रतिवादीहरु हरिचन्द्र भुसाल, गायत्री देवी जयसवाल र शत्रुधन जयसवाललाई आरोप मागदावी बमोजिम विगो एवं कसूर ठहर गरु सजाय गरी पर्न श्री सर्वोच्च अदालतमा पुनरावेदन दायर गरियो। |